# गैरकाष्ठ वन पैदावारको व्यापार प्रबर्धनः राजस्व निर्धारण प्रक्रियामा सुधारको आवश्यकता

——— मणिराम बन्जाडे

## परिचय

नेपालको मध्यपश्चिम क्षेत्रमा गैरकाष्ठ वन पैदावारको व्यापारमा संलग्न व्यापारीहरू, सङ्कलनकर्ताहरू, सरकारी तथा गैर सरकारी निकायका व्यक्तिहरू एवं यससँग सम्बन्धित सञ्जालहरूसँगको छलफलमा जडीबुटीको राजस्व एउटा महत्वपूर्ण सवालको रूपमा प्रस्तुत गरियो । राजस्व सम्बन्धी विकृतिहरू एवं समस्याहरूले गैरकाष्ठ वन पैदावारको व्यापारमा अवरोध सिर्जना गरेको अवस्थामा यस लेखमा राजस्व सम्बन्धी सवालहरूको विश्लेषण गर्दै आवश्यक नीतिगत सुधारको लागि सुझावहरू प्रस्तुत गरिएको छ ।

## गैरकाष्ठ वन पैदावारको व्यापार

नेपालमा गैरकाष्ठ वन पैदावारको व्यापार सदीयौंदेखि हुँदै आएको र हाल आएर यसको व्यापार फष्टाउँदै गएको छ । विगतमा साटासाटको हिसाबले हिमाली जडीबुटीहरू नेपालको पहाडी र तराई भागमा व्यापार हुँदै गएको देखिन्छ । साथसाथै पहाड र तराईका क्षेत्रहरूमा पनि गैरकाष्ठ वन पैदावारहरू जडीबुटी, मसला, खाद्य फलफूल, डोरी, रंगरोगन, खर, खडाई लगायत थुप्रै प्रयोजनको रूपमा मानवजीवनको अभिन्न अङ्गको रूपमा प्राचीन कालदेखि नै प्रयोगमा आएका छन् । तथापि राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने टेवाको हिसाबले भने यिनीहरूको भूमिकाको पहिचान पछिल्ला दसकहरूमा मात्र हुन सक्यो ।

नेपालमा करिब १०० प्रजातिका ४२ हजार टन गैरकाष्ठ वन पैदावारहरूबाट करिब दुई अरब रूपैयां बरावरको कारोवार हुने गरेको पाइन्छ (सुवेदी २०५४) । गैरकाष्ठ वन पैदवार ग्रामीण घरायसी अर्थतन्त्रमा उल्लेख्य योगदान पुगेको पाइन्छ । कतिपय स्थानमा त यसको योगदान ५०% भन्दा बढी भएको समेत पाइएको छ । खास गरी उच्च पहाडी र हिमाली क्षेत्रका बासिन्दाको प्रमुख आय स्रोत नै गैरकाष्ठ वन पैदावारको हुने गरेको छ । हालसालै गरिएको एक अध्ययनबाट यार्सागुम्बा सङ्कलन गर्ने समयावधिमा एकजना व्यक्तिले ४०,०००/- देखि ६०,०००/- रूपैया सम्म आम्दानी गर्ने गरेको देखिन्छ । मध्य पश्चिमाञ्चल क्षेत्रबाट कूल ७१ प्रजातिका गैरकाष्ठ वन पैदावरहरू व्यापार हुने गरेकामा त्यसमध्ये ४२ प्रजातिहरू नियमित रूपले कारोवार भएको पाइएको छ । त्यसमध्ये बिगत पाँच वर्षमा जुम्ला जिल्लाबाट करिब २५ प्रजातिको कारोवार गरेको पाइएको छ । यसरी गरिने कारोबारबाट राष्ट्रलाई वार्षिक करोडौं रूपैयाको राजस्व आउनको साथै उच्च पहाडी क्षेत्रका बासिन्दाको प्रमुख आय स्रोतको रूपमा गैर काष्ठ वन पैदावार सङ्कलन र बिक्री नै रहेको पाइएको छ (Edwards १९९६) । तथापि पछिल्ला दिनहरूमा विभिन्न जिल्लाहरूमा केही मूल्यवान गैर काष्ठ वन पैदावारको सङ्कलन र व्यापारबाट आउने राजस्वमा गिरावट आएको देखिन्छ । सरकारी नीतिमा रहेका केही अन्य व्यवहारिक पक्षहरूको कारण गैर काष्ठ वन पैदावारको अवैधानिक कारोबारमा समेत वृद्धि भएको देखिन्छ (बन्जाडे २०६१) । उदाहरणको लागि जुम्ला जिल्लाबाट आ.व. २०५६/५७ मा गैर काष्ठ वन पैदावारबाट रू

३१,१९,६७५/- राजस्व उठेकोमा त्यो घट्दै गएर आ.व. २०५९/६० मा १४,९०,५३७/- मात्र हुन गयो । जटामसी र यार्सागुम्वा जस्तै उच्च बजार मूल्य भएका प्रजातिमा अप्रशोधित निकासीमा लागेको प्रतिबन्धले यी प्रजातिहरूको अवैधानिक व्यापार बढ्न गएको छ । यसबाट राजस्वमा ह्रास आउनुको साथै सङ्कलनकर्ताहरूले प्राप्त गर्ने मूल्य समेत घट्न गएको छ ।

यसबाट के देखिन्छ भने गैरकाष्ठ वन पैदावारको व्यापारलाई फस्टाउने गरी नीतिगत प्रावधानहरू निर्माण भएमा यसले पारिवारिक आयमा वृद्धि गर्नुको साथै राष्ट्रिय अर्थतन्त्रलाई समेत सहयोग पुऱ्याउँछ ।

## गैरकाष्ठ वन पैदावार सम्बन्धी नीतिहरु

दसौं पञ्चवर्षीय योजनाले गैरकाष्ठ वन पैदावारको विकासबाट आय आर्जन गर्ने र ग्रामीण क्षेत्रमा गरिबी निवारणमा टेवा पु-याउने अपेक्षा गरेको छ । विगत केही दसकदेखि वन ऐन र नियमावलीहरूले गैरकाष्ठ वन पैदावारको व्यापारलाई व्यवस्थित गर्न र खास गरी त्यस व्यापारबाट आम्दानी गर्न र सरकारी वन क्षेत्रबाट निकासी गरिने गैरकाष्ठ वन पैदावारलाई व्यवस्थित गर्न केही प्रक्रियाहरू निर्धारण गर्नुको साथै राजस्वको दर निर्धारण गरेको पाइन्छ । दुर्लभ र सङ्कटमा परेका प्रजातिको संरक्षण गर्न सङ्कलन वा विदेश निकासीमा प्रतिबन्ध लगाउने गरिएको छ । नीतिगत रूपमा कुनै प्रजातिको उपलब्धता र त्यसको पुनरूत्पादनको स्थिति हेरी केही प्रजातिहरू केही समयको लागि निकासीमा प्रतिबन्ध लगाउने लगायतका जिम्मेवारी समेत सम्बन्धित जिल्ला वन कार्यालयहरूलाई दिएको पाइन्छ । हालसालै श्री ५ को सरकारले सम्बन्धित सरोकारवालाहरूको अन्तर्क्रियात्मक गोष्ठीमा गैरकाष्ठ वन पैदावारको नीति प्रस्ताव गरेको छ जुन हालसम्म देखिएका नीतिहरू भन्दा केही प्रगतिशील देखिएको छ । यसको लागि सहयोगी नियम कानुनहरू राम्रा बने र तिनीहरूको प्रयोग इमान्दारिता पूर्वक हुन सकेमा गैरकाष्ठ वन पैदावारको क्षेत्रमा केही राम्रो हुने देखिएको छ । यद्यपि गैरकाष्ठ वन पैदावारको क्षेत्रमा केही जटील सवालहरू देखिएका छन् जस मध्ये राजस्वको सवाललाई यस लेखमा छलफल गरिएको छ ।

## राजस्व सम्बन्धी सवालहरु

### निजी पैदावारमा राजस्व

निजी जग्गामा लगाएको गैरकाष्ठ वन पैदावार सङ्कलन र बिक्री वितरण गर्ने अधिकार सम्बन्धित जग्गा धनीलाई भएपनि त्यसबाट सङ्कलन गरिएको गैरकाष्ठ वन पैदावारमा समेत समान हिसाबको राजस्व लिने गरिएको कुरा व्यापारीहरू बताउँछन् । जस्तो कि रिट्ठाको व्यापार गर्दा निजी आवादीबाट सङ्कलन गरिएकोमा समेत राजस्व लिइएको कुरा सुर्खेतका व्यापारीहरूले बताए । तर यही कुरा जुम्लाका जिल्ला वन अधिकृतलाई राख्दा उहाँले निजी वनमा दर्ता गराई स्रोत आकलन भएर प्रति वर्ष निकाल्न सकिने परिमाण किटान भै सकेपछि त्यो परिमाण भित्र रहेको गैरकाष्ठ वन पैदावारमा राजस्व नलाग्ने बताउनु हुन्छ ।

### अवैज्ञानिक राजस्व दर

वन नियमावली २०५१ मा उल्लेख गरिएका कूल २३४ किसिमका गैरकाष्ठ वन पैदावार (जन्तु वर्ग भित्र पर्ने बाहेक) लाई हेर्दा राजस्वको निर्धारण कुनै निश्चित बैज्ञानिक आधार नलिइ हचुवाको भरमा गरिएको हो कि भन्ने प्रतीत हुन्छ । उदाहरणको लागि कुरिलोको जरा प्रतिकिलो रू. २/- राजस्व निर्धारण गरिएको छ जसको बजार मूल्य रू. १४०/- देखि २४०/- सम्म रहेको छ ।

जवकि पाषाणवेदको बजार मूल्य नेपालगञ्ज बजारमा प्रतिकिलो रू १२/- हुँदा यसको राजस्व रू. १०/- तोकिएको छ । एकजना वन विभागका अधिकृतसँग यसबारेमा छलफल हुँदा कहिलेकाहीँ संरक्षणको उद्देश्यले दर बढी राख्ने गरिएको बताउनु भयो तर स्थानीय सङ्कलनकर्ता र व्यापारीहरूको भनाइमा पाषाणवेद संकटमा रहेको प्रजाति होइन र प्रशस्त मात्रामा पाइन्छ भन्ने रहेको छ ।

राजस्वदरको निर्धारण कुन प्रक्रियाबाट र केलाई आधार मानेर गरिन्छ भन्ने बारेमा वन ऐन र नियमवाली मौन छ । वन विभाग सदुपयोग शाखाका प्रमुखको भनाइमा यसपालिदेखि राजस्व दर बजार मूल्यको १०% हुने गरी निर्धारण गर्न सिफारिस गरिएको बताउनु हुन्छ । तर बजार मूल्य के लाई मान्ने र कसरी पत्ता लगाउने भन्ने कुरा भने त्यति व्यवहारिक देखिंदैन । वहाँले काठमाडौंका एक दुई जना चिनेका व्यापारीलाई सोधेर बजार मूल्य पत्ता लगाएको र सोही अनुसार राजस्वको सिफारिस गरिएको बताउनु भयो । जहाँ जडीबुटीको बजार मूल्य अत्यन्तै तरल छ त्यस्तोमा एकजना व्यापारीले दिएको जानकारीलाई अन्य हिसाबले परीक्षण नगरी त्यसको आधारमा राजस्व निर्धारण गरिनु फेरि पनि बैज्ञानिक हुँदैन । फलस्वरूप प्रस्तावित भनिएको राजस्व दरमा जटामसिको बजार मूल्य रू. ५०/- मानिएको छ तर वास्तवमा जटामसीको बजार दर रू. १२०-१५०/- सम्म हुने गरेको पाइन्छ ।

### एउटै प्रजातिका लागि एक भन्दा बढी राजस्व दरहरू

राजस्व निर्धारण प्रक्रिया केन्द्रमुखी हुँदा कतिपय प्रजातिहरूमा एउटै प्रजातिको विभिन्न राजस्व दर कायम हुन गएको छ । अर्को शब्दमा भन्दा केन्द्रमा बस्ने केही नीति निर्माताहरूले तल्लो तहसम्मका सूचनाहरू र आवश्यकतालाई वास्ता नगरी राजस्व तोक्ने गर्ने गरेकाले एउटै प्रजातिलाई विभिन्न नामबाट छुट्टा छुट्टै राजस्व निर्धारण हुन पुगेको छ । उदाहरणको लागि कुट्कीको राजस्वदर रू १०/- प्रति के.जी. भएकोमा कटुकोको नाममा सोही प्रजातिको राजस्वदर रू ५ प्रति के.जी. हुन गएको छ ।

अर्कातिर राजस्वमा भएको फरक र प्रजातिको बारेमा वन प्राविधिकहरूसँग भएको चिन्न सक्ने क्षमता कमभएको आधारमा वा वन कर्मचारी र व्यापारीको मिलेमतोमा एउटा बढी राजस्व पर्ने प्रजातिको अर्के कम राजस्व पर्ने प्रजातीको कम राजस्व पर्ने प्रजातिको नाममा व्यापार हुने गरेको छ । जस्तैः फूल जातिहरूलाई टुकी फूलको रूपमा, धुपजडीलाई भुतकेशको रूपमा र लौंठ सल्लालाई तालिसपत्र वा ठिंग्रेसल्लाको रूपमा समेत व्यापार गरिएको देखिन्छ ।

### अव्यवहारिक स्थानीय करहरू

स्थानीय स्वायत्तता ऐन २०५८ ले स्थानीय निकायलाई स्थानीय स्रोतहरूको परिचालन गर्ने र आवश्यक कर निर्धारण गर्ने अधिकार दिएको कारण सबैजसो जिल्लाहरूमा गैरकाष्ठ वन पैदावारमा जिल्ला विकास समिति (जि.वि.स.) को निर्णय अनुसार कर लिने गरिएको छ । यद्यपि ती जि.वि.स. हरूले गैरकाष्ठ वन पैदावारको विकासमा र त्यसको व्यापार प्रवर्धनमा कुनै ध्यान दिएको पाइन्न । कतिपय अवस्थामा त चर्को करको कारण व्यापारीहरू रूष्ठ समेत बनेका छन् । जुम्लामा रहेको एउटा सुगन्धित तेल प्रशोधन कम्पनीका मालिकले जटामसी तेल प्रतिकिलो ५००/- रूपैया जि.वि.स. ले राजस्वको रूपमा लिने गरेकोमा दुखेसो व्यक्त गरे । उनका अनुसार यदि जि.वि.स. ले बजार खोज्न वा बजार मूल्यको बारेमा आवश्यक सूचना उपलब्ध गराइ दिएमा मात्र पनि त्यसरी लिएको करको अर्थ हुन्थ्यो तर व्यापारिले बडो कष्ट र हण्डर खाई, गर्नुपर्ने

व्यापारमा जि.वि.स. ले थुप्रै कर लिइ दिंदा व्यापारीहरू मर्कामा परेका हुन् । यसैगरी स्थानीय करको रूपमा गैरकाष्ठ वन पैदावार ढुवानी गर्दा बाटोमा पर्ने प्रत्येक जिल्लामा जि.वि.स. ले कर उठाउने गरेको र यो कर जिल्ला अनुसार फरक-फरक हुने गरेको छ । उदाहरणको लागि एक ट्रक जटामसी नेपालगञ्जबाट विरगञ्ज लग्दा दाङ्ग, कपिलवस्तु, रूपन्देही, नवलपरासी, चितवन, मकवानपुर र वीरगञ्जमा क्रमश रू. १२५०/-, १००/-, १००/-, १००/-, २५०/-, १००/- र १००० /- जि.वि.स. हरूले उठाएको पाइयो । कतिपय जि.वि.स. ले त एउटै प्रजाति र परिमाणको लागि फरक-फरक कर लिएको पनि भेटियो । उदाहरणको लागि नेपालगञ्जबाट कन्चनपुर लगिएको एक ट्रक गैरकाष्ठ वन पैदावारको स्थानीय कर पहिलो ट्रकलाई रू ६०००/- लिइयो भने त्यसको केही हप्तापछि अर्को ट्रकलाई सोही किसिमको गैरकाष्ठ वन पैदावारको कर रू ३५००/- लिइयो । यसरी विभिन्न स्थानमा लिइने कर खुला बजार अर्थतन्त्र तर्फ उन्मुख नेपालको लागि अस्वाभाविक देखिन्छ । त्यसैले एकद्वार प्रणाली अनुसार कुनै एक स्थानमा कर लिइसकेपछि त्यसमा गुणस्तर अभिवृद्धि नभए सम्म थप कर लिन नपाउने व्यवस्था गर्नु उत्तम हुन सक्छ ।

### अष्पष्ट राजस्व निर्धारण प्रक्रिया

वर्तमानमा गैरकाष्ठ वन पैदावारको राजस्व निर्धारण प्रक्रियामा कसको भूमिका धेरै छ त भन्ने कुरा अस्पष्ट छ । सहभागितामूलक नीति निर्माण प्रक्रियालाई अवलम्बन गर्ने हो भने सम्बन्धित सरोकारवालाहरूसँग बसेर सबैका सुझाव र इच्छाहरूलाई कदर गर्दै अन्तर्क्रियात्मक हिसाबले नीति निर्माण गर्नुपर्ने हुन्छ । भलै सरकारको सहभागितालाई बढवा दिने घोषित नीति रहेतापनि व्यावहारमा केन्द्रिकृत नीति निर्माण प्रयोगमा आएको छ । हालसालै प्रस्तावित गैरकाष्ठ वन पैदावार नीति २०६१ निर्माणको क्रममा भने धेरै खालका सरोकारवालाहरूमा छलफल चलाइएको थियो तर त्यसको सरोकारवालाहरूका के कति सुझावहरूलाई स्थान दिइयो भन्ने कुरा हेर्न बाँकी नै छ । तर जुम्ला, सुर्खेत र नेपालगञ्जका व्यापारीहरू र अन्य सरोकारवालाहरूसँगको छलफलमा के कुरा प्रष्ट रूपमा आयो भने नीति निर्माणकर्ताहरू स्थानीय सरोकारवालसँग अन्तर्क्रिया गर्दैनन् र तलबाट आएका सुझावहरूलाई समेत महत्व दिंदैनन् ।

वन विभागको सदुपयोग महाशाखाका प्रमुखसँग राजस्व अवैज्ञानिक हिसाबले हचुवाको भरमा निर्धारण गरिएको कुरा राख्दा उहाँले समेत राजस्व निर्धारण प्रक्रिया प्रति असन्तुष्टि जाहेर गर्नु भयो । उहाँको भनाइमा "हामीले प्रति किलो रू १०,०००/- राजस्व तोकिएको यार्सा गुम्बालाई अर्थ मन्त्रालयले रू २०,०००/- भनेर राजपत्रमा प्रकाशित गरिदियो" ।

राजस्व निर्धारण प्रक्रियामा देखिएको त्रुटिको कारणले एउटा प्रजातिको विभिन्न नाममा फरक-फरक राजस्व कर दर कायम हुनु, बजार मूल्यसँग राजस्व करको तालमेल नमिल्नु, निजी उत्पादनमा समेत राजस्व लिइने स्थिति सिर्जना हुनु, एउटा प्रजातिको नाममा अर्को प्रजातिको कारोवार हुनु, र कतिपयमा राजस्व नीति र अबैध कारोवार गरिएको देखिनु जस्ता अन्यौलता सिर्जना भएको देखिन्छ ।

## निष्कर्ष र सुझाव

राष्ट्रिय अर्थतन्त्रदेखि ग्रामीण घरेलु अर्थतन्त्र समेतको मेरूदण्ड बनेको गैरकाष्ठ वन पैदावार क्षेत्रलाई अलि व्यवस्थित, मर्यादित र आकर्षक बनाउन यस क्षेत्रमा राजस्वको सवाललाई सम्बोधन गर्न सम्बन्धित सरकारी निकायबाट सचेत कदम चाल्नु आवश्यक देखिन्छ । गैरकाष्ठ वन

पैदावारको उत्पादन खर्च (सङ्कलन, प्रारम्भिक सरसफाई, सुकाई आदि), त्यसको ढुवानी र अन्य लागतहरूलाई विश्लेषण गर्दै अन्तिम बजार मूल्यसँग दाँजेर त्यसको आधारमा राजस्व निर्धारण र पुनरावलोकन गरिएमा त्यो बढी प्रभावकारी हुन सक्छ । राजस्व सङ्कलनको क्रम पछिल्ला दिनहरूमा घट्दै जानु र गैरकाष्ठ वन पैदावारको अवैधानिक व्यापार बढ्दै जानुले सरकारी नीतिमा पुनरावलोकन गर्नु अपरिहार्य भएको देखाउँछ । राजस्व निर्धारण प्रक्रियामा सम्बन्धित सबै पक्षहरूको सक्रिय सहभागिता जुटाउने, राजस्व निर्धारणको लागि वैज्ञानिक आधारहरू तय गरी लागू गर्ने र विभिन्न क्षेत्रबाट लिने करहरूको सट्टा एकद्वार प्रणाली मार्फत कर उठाउने परिपाटी भएमा गैरकाष्ठ वन पैदावरको व्यापारमा टेवा पुग्ने, हाम्रो आर्थिक विकासमा ठूलो योगदान पुग्न जाने र जो व्यक्तिहरू गैरकाष्ठ वन पैदावारबाट प्रत्यक्ष जीविकोपार्जनमा लागेका जो छन्, उनीहरूलाई समेत फाइदा हुने देखिन्छ । माथि उल्लेखित समस्याहरूलाई समाधान गर्न गैरकाष्ठ वन पैदावारको सङ्कलनदेखि प्रशोधन र बाहिर निकासी गर्नेसम्म संलग्न सङ्कलनकर्ताहरू, मध्यस्थकर्ताहरू, व्यापारीहरू, सहयोगी निकायहरू र उपभोक्ताहरू समेतको संयन्त्र निर्माण गरी विभिन्न तहमा अन्तर्क्रिया सञ्चालन गर्दै सामन्जस्यपूर्ण राजस्व निर्धारण गर्ने र एउटा वैंज्ञानिक आधार तयार गरी आवधिक रूपमा त्यसको पुनरावलोकन गर्नु जरूरी देखिन्छ ।

**सन्दर्भ सामग्री**


Banjade, M. 2004 (With contribution from other member). Trade pattern of NTFPs in Surkhet and Nepalgung: Appropriate policy measures for business support and trade enhancement: A study Report. ABTRACO and AEC/FNCCI.

Edwards, D. M. 1996. Non-Timber Forest Products from Nepal. Aspects of the Trade in Medicinal and Aromatic Plants. FORESC Monograph 1/96. Ministry of Forests and Soil Conservation, Kathmandu.

Subedi, B. 1997. Utilization of non-timber forest products: issues and strategies for environmental conservation and economic development. ANSAB, Kathmandu.


(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)